# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २० ] काठमाडौं, फागुन ५ गते २०२७ साल [ अतिरिक्ताङ्क ३८

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

नेपाल राष्ट्र बैंक ऐन २०१२ को दफा १८ (ब) अनुसार नेपाल राष्ट्र बैंकले निम्न बमोजिमको ढाँचा तथा आकार–प्रकारको रू. १००।– (एकसय) दरको नेपाली नोट निष्काशन गर्ने भएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| | |
|---|---|
| नोटको दर | रूपैयाँ एकसय |
| आकार | १४६–७० मिलिमीटर |
| मुख्य रङ्ग | हरियो |

**नोटको रूप रङ्गको विस्तृत विवरण**

अगाडिपट्टिः–

नोटको दायाँ र बायाँपट्टि किनाराको मध्य भागसम्म मिहिन जालिदार बुट्टाबाट बनेको लट्ठा हुन्छ । नोटको माथिल्लो किनारामा दायाँ र बायाँ कुनाहरूमा तलेजुको मन्दिरबाट लिइएको काष्ठकला बुट्टाहरू अङ्कित गरिएको हुन्छन् । माथिल्लो किनाराको मध्य भागमा मसिनो जालिबाट बनेको कुना परेको हरियो जाली बुट्टा हुन्छ । यी बुट्टाको दायाँ बायाँ तलेजु मन्दिरबाट लिइएको काष्ठकलाबाट बनेको देव-देवीको चित्र हुन्छ । नोटको दायाँपट्टि वर्षे जङ्गी पोशाक पहिरी बक्सेको हरियो रङ्गको फाहा दिइएको श्री ५ महाराजाधिराज सरकार महेन्द्र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

226

वीर विक्रम शाहदेवको दायाँतिर नजर भइबक्सेको ऊर्ध्वाङ्ग चित्र हुन्छ । नोटको तल्लो भागमा लम्बाइबाट वारपार हुने गरी हरियो रङ्गको पृष्ठभूमिमा मसिनो सेतो जालिदार बुट्टाको किनारा हुन्छ । श्री ५ महाराजाधिराज सरकारको चित्रको दायाँपट्टि नोटको तल्लो किनारामाथि ताराको चित्र हुन्छ । नोटको मध्य भागमा प्याजी रङ्गको फाहा दिइएको सगरमाथा, लोत्से र नुप्से हिम-शिखरको चित्र हुन्छ र चित्रमुनि हरियो जालिदार बुट्टा हुन्छ । यस नोटको तल्लो बायाँ किनारामा भक्तपुर स्थित पाँचतल्ले मन्दिरको चित्र हुन्छ । बायाँपट्टि नेपाली मन्दिरबाट लिइएको ढुङ्गाको चित्र तथा सेतो जाली बुट्टाबाट बनेको फ्रेमभित्र सेतो सतहमा श्रीपेचको पानी चित्र हुन्छ ।

नेपाल राष्ट्र बैंक ऐन २०१२ दफा १८ (ब) अनुसार यो नोट निष्काशन गरिने हुँदा नोटको अगाडिपट्टि बीचको माथिल्लो भागमा नेपाल राष्ट्र बैंकको नाम हुन्छ र श्री ५ को सरकारको जमानत प्राप्त भन्ने उल्लेख हरेक नोटमा हुन्छ । भुक्तानीको माग भएमा नेपाल राष्ट्र बैंकबाट नोट निष्काशन भएको अङ्कको रकम तुरुन्त भुक्तानी हुने कुरा पनि हरेक नोटमा हुन्छ । यस नोटको बीचको तल्लो भागमा रूपैयाँ एकसय तुरुन्त पाइनेछ भन्ने लवजको ठीक तल जालिदार बुट्टाको पृष्ठभूमिमा नेपाल राष्ट्र बैंकका गर्भनरको हैसियतले यादवप्रसाद पन्तको दस्तखत छापिएको हुन्छ । नोटको दायाँ छेउमा श्री ५ महाराजाधिराज सरकारको चित्रको ठीक मुनि र बायाँपट्टि छेउमा पानी चित्रको ठीक मुनि अङ्क तथा अक्षरमा क्रमिक प्रेफिक्स (Prefix) सहितको नम्बर हुन्छ । सय दरको नोटको क्रमिक नम्बर– अ/१ ०००००१ शुरू हुन्छ ।

पछाडिपट्टिः–

नोटको तल–माथि लम्बाइपट्टि तलेजु मन्दिरबाट लिइएका बुट्टाहरूको साथै मसिनो जालिदार बुट्टाबाट बनेको घेरा हुन्छ । नोटको दायाँ पट्टि माथिल्लो कुनामा तलेजुको मन्दिरबाट लिइएको आँखाको चित्र हुन्छ । बायाँपट्टि सेतो पृष्ठभूमिमा श्रीपेचको पानीचित्र हुन्छ । पानी-चित्रको तल्लो भागमा बाटुला जालिदार बाटुला चार बुट्टाहरू हुन्छन् । पानीचित्रको बायाँपट्टि मन्दिरहरूबाट लिइएको बाटुला फूल बुट्टा भरिएको लट्ठाको तल्लो भागमा नेपाल राष्ट्र बैंकको चिह्नको चित्र हुन्छ । नेपाल राष्ट्र बैंकको चिह्नको बायाँपट्टि मसिनो धर्काहरूको पृष्ठभूमिमा नोटको दर नेपाली अङ्कमा दिइएको हुन्छ । नोटको मध्य भागमा भक्तपुरको दरबार चोकको स्वर्णद्वार र पचपन्न झ्याले दरबारको चित्र र अर्को देव मन्दिरको चित्र हुन्छ । दायाँपट्टि नोटको माथिल्लो कुनामा नेपालको राष्ट्रिय निशाना अङ्कित हुन्छ । ठीक मुनि अण्डाकार घेराभित्र मसिनो जालिदार बुट्टाको पृष्ठभूमिमा अंग्रेजी लिपिको अङ्कमा १०० उल्लेख गरिएको हुन्छ । नोटको बीचको माथिल्लो भागमा जालिदार बुट्टा मुनि रूपैयाँ एकसय र बीचको तल्लो भागमा जालिदार बुट्टामाथि अंग्रेजीमा नोटको दर किटान गरिएको हुन्छ ।

सुरक्षाको निमित्त नोटमा लम्बरूपमा कागजभित्र देखिने धातुको धागो हुन्छ ।

आज्ञाले–
हरिहरजङ्ग थापा
श्री ५ को सरकारको विशेष सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२८